# स्थानिय राजपत्र

खण्ड - ८ सख्या - १ मिति – २०८२-१०-१३

भाग - २

माईजोगमाई गाउँपालिका ,

नयाँबजार ईलाम

**"माईजोगमाई गाउँपालिकाको फिल्ड भत्ता सम्बन्धी कार्यविधि - २०८२"**



CamScanner

"माईजोगमाई गाउँपालिकाको फिल्ड भत्ता सम्वन्धी कार्यविधि-२०८२"

## प्रस्तावना:

माईजोगमाई गाउँकार्यपालिकाको कार्यालय अन्तर्गत कार्यरत पशु सेवा प्राविधिक कर्मचारीहरु तथा निजि क्षेत्रबाट नियुक्ती गरिएका खोपकर्ता पशु सेवा प्राविधिकहरुलाई प्रोत्साहन गर्ने उदेश्य अनुसार स्थानीय सरकार सञ्चालन ऐन-२०७४ को दफा १०२ बमोजिम यो कार्यविधि जारी गरिएको छ ।

## परिच्छेद-१

### प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भ:**(क) यस कार्यविधिको नाम माईजोगमाई गाउँपालिकाको फिल्ड भत्ता सम्वन्धी कार्यविधि-२०८२ रहेको छ ।

(ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

**२.परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:-

(क). "गाउँपालिका" भन्नाले माईजोगमाई गाउँपालिका सम्झनुपर्छ ।

(ख). "कार्यालय" भन्नाले गाउँकार्यपालिकाको कार्यालय वुझाउँछ ।सो शव्दले वडा कार्यालय समेतलाई वुझाउनेछ ।

(ग) "प्राविधिक कर्मचारी तथा खोपकर्ता भन्नाले पशुपंक्षी जन्य माहामारी क्षेत्रमा कामकाज गर्ने फिल्ड भत्ता प्राप्त गर्ने प्रयोजनार्थ कार्यालयमा कार्यरत पशु विकास अधिकृतस्तर, पशु सेवा प्राविधिक ,पशु स्वास्थ्य प्राविधिक ,प्राविधिक सहायक , नायव पशु सेवा प्राविधिक,नायव पशु स्वास्थ्य प्राविधिक,तथा निजि क्षेत्रवाट करारमा नियुक्ती गरिएका खोपकर्ता तथा फिल्डमा रहेका पशु सेवा प्राविधिक फिल्ड अनुगमनकर्ता समेतलाई सम्झनुपर्दछ ।

(घ)."फिल्ड र फिल्डभत्ता" भन्नाले पशुपंक्षी जन्य माहामारी क्षेत्रमा कामकाज गर्ने प्राविधिक कर्मचारी साथै खोपकर्ता पशु सेवा प्राविधिकहरु सेवा प्रवाह गर्ने यस गाउँपालिकाको क्षेत्रलाई फिल्ड र सो फिल्डमा खटिएर कार्य गरेवापत प्रोत्साहनको रुपमा प्राप्त गर्ने भ्रमण तथा अनुगमन वापतको भत्तालाई फिल्डभत्ता सम्झनुपर्दछ ।

कुश बहादुर थेवे
अध्यक्ष

माईजोगमाई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
इलाम जिल्ला कोशी प्रदेश, नेपाल
२०७३

# परिच्छेद-२

## फिल्ड भत्ता सम्बन्धी व्यवस्था

### ३.फिल्ड भत्ता प्राप्त गर्ने आधारः-

**प्राविधिकः**

(१). पशुपंक्षीमा देखा पर्ने महामारी रोग खोरेत लम्पी पिपिआर,स्वाइफिवर, बर्ड फ्लु स्वाईन फ्लु अथवा अन्य महामारीजन्य जस्ता रोग नियन्त्रण तथा क्रमश उन्मुलन गर्न संघ प्रदेश र स्थानीय तह तीनै सरकारबाट सञ्चालन हुने माहामारीजन्य रोग नियन्त्रण आयोजना कार्यान्वयलाई व्यवस्थित प्रभावकारी र अपेक्षित प्रतिफल उन्मुख बनाउन बाञ्छनीय भएकोले पशुपंक्षी क्षेत्रमा कार्य गर्ने पशु सेवा प्राविधिक कर्मचारी र करारमा नियुक्ती गरिएका निजि पशु सेवा प्राविधिक साथै खोपकर्ताहरुलाई खोप/पशुपंक्षी उद्धार उपचार कार्यक्रममा खटाएको समयमा थप सेवा सुविधा उपलब्ध गराउनुका साथै कार्य सम्पन्न पश्चात कार्य सम्पन्नको प्रतिवेदन पेश गर्ने तथा कार्यालयले खटाएको/अर्हाएको नियमित कामकाजहरु गर्नु पर्दछ ।

(२). प्राविधिक कर्मचारीले फिल्ड भत्ता प्राप्त गर्नका लागि अनुसुचि-१ बमोजिमको फिल्ड प्रतिवेदन गाउँकार्यपालिकाको कार्यालयमा महामारी रोग नियन्त्रण/औषधि उपचार/उद्धार खोप सम्बन्धी कार्यक्रम संचालन गरेको पशु र कृषकको अभिलेख पेश गर्नुपर्दछ ।

(३). फिल्ड भत्ता प्राप्त गर्नका लागि फिल्डका कर्मचारी/निजिपाराभेट करारमा नियुक्ती गरिएका पशु सेवा प्राविधिहरुले कार्यक्रम संचालन भएको बेला मात्र यो सुविधा उपलब्ध गराइने छ ।

(४). साथैं यस अगाडि भएको कार्यपालिकाबाट फिल्ड भत्ता सम्बन्धी निर्णय व्यवस्था बमोजिम ।

### ४.फिल्ड भत्ताको श्रोत व्यवस्थापन तथा भत्ता दर सम्बन्धी व्यवस्थाः-

(१). फिल्ड भत्ताको श्रोत व्यवस्थापन राजश्व बाँडफाँडबाट प्राप्त अनुदान,आन्तरिक आय र कन्टिनजेन्सीबाट प्राप्त रकम बाट गरिनेछ। सो रकमको उपयुक्त खर्च शिर्षकबाट खर्च लेखिनेछ।

(२). फिल्ड भत्ताको दर देहाय बमोजिम हुनेछ।

| क्र.स | पद | भत्ता रु. | भत्ताको आधार |
|---|---|---|---|
| १. | पशु सेवा प्राविधिक/निजि पशु सेवा प्राविधिक खोपकर्ता मासिक | १००००/- वा १५०००/- | यी सबै सेवा सुविधा महामारीजन्य पशुपंक्षीमा खोप संचालन,फिल्डअनुगमन तथा औषधि उपचारका लागि खटिएको समयमा बाहेक अरु बेला उपलब्ध हुने छैन । |
| २. | इन्धन पेट्रोल | २० लिटर | |

कुश बहादुर थेबे
अध्यक्ष

माईजोगमाई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
इलाम जिल्ला कोशी प्रदेश, नेपाल
२०७३



CamScanner

## परिच्छेद-३

## विविध

**५.फिल्ड भत्ता प्राप्त गर्ने ,नगर्ने वा कम प्राप्त गर्ने सम्बन्धी व्यवस्थाः-**

(१). गाउँपालिकाको कुनै पनि वडामा खटिएको अवस्थामा समान फिल्ड भत्ता उपलब्ध हुनेछ ।

(२). दफा (३) मा तोकिएको अवधिमा फिल्डमा खटिएको इमान्दारी पूर्वक कार्यसम्पन्न गरिसकेपछि मात्र भुक्तानी दिन सकिनेछ।

**६.अन्य सेवा सुविधा दिन सकिने सम्बन्धी व्यवस्थाः-**

(१). प्राविधिक कर्मचारीलाई कार्यालयको कामकाजको सिलसिलामा गाउँपालिका क्षेत्र वाहिर स्वदेश/विदेश भ्रमणमा जाँदा नियमअनुसार भ्रमण खर्च दिन सकिनेछ।

(२). विभिन्न समितिको सदस्यको रुपमा कार्य गर्दा नियमानुसार प्राप्त गर्ने भत्ता तथा अन्य सेवा सुविधा लिन बाधा पर्ने छैन ।

**७.कानुनी कार्यवाही हुनेः-**

(१). झुठो फिल्ड प्रतिवेदन पेश गर्ने र गराउने कार्यमा संलग्न भएको पाईएमा नियमानुसार कार्यवाही हुनेछ ।

**८.खारेजी र बचाउः-**

(१). यस भन्दा अगाडि कुनै कार्यविधिमा समावेश गरी फिल्डभत्ता दिएको भएमा सो कार्यविधिमा भएका व्यवस्थाहरु खारेज गरिनेछ।

कुश बहादुर थेबे
अध्यक्ष

माइजोगमाइ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
इलाम जिल्ला कोशी प्रदेश, नेपाल
२०७३

# अनुसुचि-१

## फिल्ड भत्ता प्रतिवेदन

आ.व.:

कर्मचारीको नाम/थर:

पद:

फिल्ड प्रतिवेद पेश गरेको महिना:

| क्र.स | मिति | फिल्ड गएको स्थान | फिल्डमा गरिएको क्रियाकलापहरु | सुझावहरु |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

.......................

फिल्ड प्रतिवेदन तयार गर्ने

कुश बहादुर थेबे
अध्यक्ष

माइजोगमाई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
इलाम जिल्ला कोशी प्रदेश, नेपाल
२०७३

आज्ञाले
कुमार बस्नेत
प्रमुख प्रशासकीय अधिकृत



CamScanner